नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना व्यवस्थापन ईकाई, खुमलटार, ललितपुर

# सघन फलफूल विकास कार्यक्रम (चुरे भावर नर्सरी स्थापना, विरुवा वितरण र प्रविधि सहयोग) प्रस्ताव आब्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७५/१२/२७**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन ईकाई, ललितपुरको आ.ब. २०७५/७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "**सघन फलफुल विकास कार्यक्रम संचालन कार्यविधि २०७५ - चुरे भावर क्षेत्रमा नर्सरी स्थापना, विरुवा वितरण र प्रविधि सहयोग**" को अनुसुची ७ बमोजिमका उदयपुर, कपिलबस्तु, सुर्खेत, झापा र रौतहट जिल्ला तथा स्थानीय तहहरुमा कार्यक्रम रहेको हुँदा चुरे भावर क्षेत्रका ईच्छुक फर्म, कम्पनी, संस्था तथा समुह/सहकारी बाट दर्खास्त आब्हानको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र परियोजना व्यवस्थापन इकाई, खुमलटार, ललितपुर तथा सम्वन्धित जिल्ला स्थित जोन/सुपर जोन कार्यान्वयन इकाईहरुमा फलफूल नर्सरी स्थापना, विरुवा वितरण तथा प्रविधि सहयोग सेवा प्रदान गर्न कार्यविधिको अनुसुची २ बमोजिमका कागजातहरु संलग्न गरी पेश गर्नु हुन अनुरोध छ ।

**थप आवश्यक कागजातहरु :**

१. संस्थाको दर्ता प्रमाण पत्र, PAN/VAT दर्ता प्रमाण पत्र र आ.व. २०७४/७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु, वार्षिक लेखापरिक्षण प्रतिवेदन (अडिट रिपोर्ट) र संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपी ।

२. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनका लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानिय तह/अन्य संघ संस्थाबाट सोहि कार्यको लागि सहयोग लिए/नलिएको स्वघोषणा पेश गर्नुपर्ने छ ।

**पुनश्चः** परियोजना प्रस्ताव यस परियोजनाबाट तयार गरिएको ढाँचामा पेश गर्नुपर्नेछ तर सो मा केहि सान्दर्भिक विषयवस्तु थप गर्न बाधा पर्ने छैन । परियोजना प्रस्तावको ढाँचा यस परियोजनाको वेभसाईट बाट डाउनलोड गर्न सकिनेछ ।

**थप जानकारीका लागि सर्म्पक:**

**परियोजना व्यवस्थापन ईकाई, खुमलटार, ललितपुर**

**Email- info@pmamp.gov.np**

**pmamp@gmail.com**

**Website - www.pmamp.gov.np**

**फोन नं. ०१-५५२१६१९/५५२०३४६**